# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर,
नेपालगञ्ज र धनगढी क्षेत्रबाट प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत अध्ययनमा आधारित)

## वार्षिक प्रतिवेदन

(आ.व. २०६९/७०)

नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
आर्थिक विकास शाखा
बालुवाटार, काठमाण्डौ ।

२०७० कार्तिक

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विषेश अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत प्रतिवेदन तयार गरिएको छ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **३-६** |
| १.१ | कृषि उपजले ढाकेको भु-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ३ |
| १.३ | सिँचाइ सुविधा | ५ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ | कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **७-९** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ७ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ८ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | ८ |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **१०-१२** |
| ३.१ | पर्यटन उद्योग | १० |
| ३.२ | घर-जग्गा कारोबार | १० |
| ३.३ | वित्तीय सेवा | १० |
| ३.४ | यातायात तथा संचार | ११ |
| ३.५ | शिक्षा तथा स्वास्थ्य | १२ |
| ३.६ | सेवा क्षेत्रको परिदृश्य | १२ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१३-१५** |
| ४.१ | कृषि क्षेत्र | १३ |
| ४.२ | उद्योग क्षेत्र | १३ |
| ४.३ | सेवा क्षेत्र | १४ |
| ४.४ | पूर्वाधार क्षेत्र | १४ |
| ४.५ | सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार | १५ |
| **तालिकाहरु** | | |

## तालिकाहरु

१ प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (समग्र, क्षेत्रगत र जिल्लागत)
२ प्रमुख कृषि बालीहरुको उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
३ प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
४ सिँचाइ सुविधामा भएको विस्तार (समग्र, क्षेत्रगत र जिल्लागत)
५ कृषि कर्जा स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
६ प्रमुख उद्योगहरुको क्षमता उपयोग (समग्र, क्षेत्रगत र जिल्लागत)
७ औद्योगिक उत्पादन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
८ औद्योगिक कर्जा स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
९ पर्यटन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
१० घरजग्गा कारोबार (समग्र, क्षेत्रगत र जिल्लागत)
११ बैंक तथा वित्तीय संस्थाका शाखाहरु (क्षेत्रगत र जिल्लागत)
१२ निक्षेप तथा कर्जा स्थिति (क्षेत्रगत र जिल्लागत)
१३ अन्य वित्तीय विवरण
१४ मनिचेञ्जर तथा विदेशी मुद्रा सटहीको अनुमति प्राप्त एजेन्सीहरु (क्षेत्रगत र जिल्लागत)
१५ फण्ड ट्रान्सफर (क्षेत्रगत र जिल्लागत)
१६ विदेशी मुद्रा खरिद विवरण (समग्र र क्षेत्रगत)
१७ भारतीय मुद्रा खरिद बिक्री विवरण (क्षेत्रगत)
१८ यातायात सेवा (समग्र, क्षेत्रगत र जिल्लागत)
१९ शिक्षा सेवा (समग्र, क्षेत्रगत र जिल्लागत)
२० स्वास्थ्य सेवा (समग्र, क्षेत्रगत र जिल्लागत)
२१ टेलिफोन सेवा (क्षेत्रगत)
२२ संचार सुविधामा भएको प्रगति (समग्र)

# *सारांश*

१. आर्थिक वर्ष २०६९/७० मा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था सन्तोषप्रद रहेन** । समीक्षा वर्षमा कृषि उपजले ढाकेको भू-क्षेत्र, प्रमुख खाद्यान्न बालीहरु लगायत वनजन्य उत्पादन काठ तथा दाउराको उत्पादनमा ह्रास आएको छ । तथापि, तरकारी तथा बागवानी, फलफूल तथा मसला बाली एवम् मासुजन्य उत्पादनमा भने सामान्य वृद्धि भएको देखिएको छ । समीक्षा वर्षमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा ९.५ प्रतिशतले, मकैको उत्पादनमा २.७ प्रतिशतले र गहुँको उत्पादनमा ८.१ प्रतिशतले ह्रास आएको छ** । यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा  ३९.१ प्रतिशतले वृद्धि भएको छ** ।

२. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ५७.८ प्रतिशत मात्र उपयोग गरेका छन्** । समीक्षा वर्षमा भटमासको तेल, अन्न तथा पशुदाना समूह, पेय पदार्थ, अन्य खाद्य पदार्थ समूह, औषधिजन्य वस्तु, सिमेन्ट, फेब्रिकेटेड धातुका सामान तथा प्लाष्टिकजन्य वस्तु आदिको उत्पादन बढेको छ भने पश्मिना बाहेक अन्य कपडाजन्य वस्तु, दुग्ध पदार्थ, काठ तथा काठको सामान, कागज, रबरजन्य वस्तु आदिको उत्पादनमा ह्रास आएको छ । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा २६.२ प्रतिशतले वृद्धि भएको छ** ।

३. समीक्षा वर्षमा हवाईमार्गबाट नेपाल आउने **पर्यटकको संख्यामा १.४ प्रतिशतले ह्रास आएको** छ । यसमध्ये तेस्रो मुलुकबाट आउने पर्यटक संख्यामा ३.९ प्रतिशतले वृद्धि भएको छ भने भारतीय पर्यटक संख्यामा १५.१ प्रतिशतले ह्रास आएको छ ।  समीक्षा वर्षमा **घरजग्गा कारोबारमा केही सुधार देखिएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा २.८ प्रतिशतले वृद्धि भएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा २८.० प्रतिशतले वृद्धि भएको छ ।

४. वित्तीय सेवा अन्तर्गत अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेप १८.३ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाहमा २२.५ प्रतिशतले वृद्धि भएको** छ । गत वर्ष ७१.२ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ७३.७ प्रतिशत पुगेको** छ । बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.९ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५७.९ प्रतिशत रहेको** छ ।

५. समीक्षा वर्षमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १३.३ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अर्न्तगत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) **तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २३.४ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित ईन्टरनेट सेवामा ३७.१ प्रतिशतले वृद्धि भएको** छ ।

६. कृषि क्षेत्रमा **आधारभूत पूर्वाधार विकास** (सिंचाई, कृषि बजार, भण्डारण, वित्तीय सेवा)**, आधुनिक प्रविधि प्रयोग एवम् व्यावसायीकरण, रासायनिक मल तथा उन्नत बीउ/विजनको उपलव्धता अभिवृद्धि गरी** उत्पादकत्व वृद्धि गर्ने प्रमुख चुनौति रहेको छ । साथै, उद्योग क्षेत्रमा **ऊर्जा संकटको दीर्घकालीन समाधान तथा लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आर्कर्षित** गर्नु प्रमुख चुनौति रहेको छ । त्यसैगरी, **वित्तीय पहुँच अभिवृद्धि, कर छली तथा चुहावट नियन्त्रण, व्यापार विविधिकरण एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि** गर्ने सेवा क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन् ।


७.	स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क, सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियाको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७०/७१ मा **मुलुकको समग्र आर्थिक अवस्था सन्तोषप्रद रहने देखिन्छ** । खासगरी, यस वर्ष मौसम अनुकूल रहने अनुमानका आधारमा **समग्र कृषि क्षेत्रको उत्पादनमा उल्लेख्य सुधार हुने देखिन्छ ।** बहु प्रतिक्षित संविधनसभाको चुनाव हालैमात्र सम्पन्न भएको हुँदा यसबाट संक्रमणकालीन राजनैतिक अवस्थाले छिट्टै निकास पाउने एवम् विद्युत आपूर्ति र श्रम सम्बन्धमा केही सुधार हुने अनुमानको आधारमा **उद्योग क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ** । साथै, पूँजीगत खर्च लक्ष अनुरुप हुन गई विकास निमार्णले गति लिएमा **पूर्वाधार तथा सेवा क्षेत्रमा थप प्रगति हुने देखिन्छ** । यस आधारमा आर्थिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ५.० प्रतिशतले वृद्धि हुने प्रारम्भिक प्रक्षेपण रहेको छ ।

परिच्छेद १

# कृषि क्षेत्र

१.१. **कृषि उपजले ढाकेको भू-क्षेत्र** : आर्थिक वर्ष २०६९/७० मा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा २.४ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस्तो क्षेत्रफलमा ०.४ प्रतिशतले वृद्धि भएको थियो ।

(क) **खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.९ प्रतिशतले ह्रास आएको छ। गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा धान, गहुँ, कोदो जौं, सनपाट, सुर्ती एवम् दलहन तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा भने ह्रास अएको छ भने मकै, फापर, आलु, उखु र भटमास बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ।




(ख) **तरकारी तथा बागवानी** : समीक्षा वर्षमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको छ। गत वर्षमा पनि उक्त बालीले ढाकेको क्षेत्रफलमा सोही प्रतिशतले नै वृद्धि भएको थियो।

(ग) **फलफूल तथा मसला** : समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा ३.० प्रतिशतले वृद्धि भएको थियो।

(घ) **क्षेत्रगत स्थिति** : समीक्षा वर्ष अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल पोखरा क्षेत्रमा सिमान्त वृद्धि भएको छ भने काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा भने ह्रास आएको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल विराटनगर, जनकपुर, पोखरा, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने काठमाण्डौं, वीरगञ्ज र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौं क्षेत्र बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

१.२ **कृषि उत्पादन** : समीक्षा वर्षमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) को कुल उत्पादनमा २.१ प्रतिशतले ह्रास आएको छ । गत वर्ष यस्ता बालीहरुको उत्पादनमा ३.१ प्रतिशतले वृद्धि भएको थियो ।

(क) **खाद्य तथा अन्य बाली** : समीक्षा वर्षमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन ९.५ प्रतिशतले, मकैको उत्पादन २.७ प्रतिशतले, गहुँको उत्पादन ८.१ प्रतिशतले तथा कोदोको उत्पादन २.१ प्रतिशतले ह्रास आएको

छ । अघिल्लो वर्ष उक्त बालीहरु मध्ये धान तथा कोदोको उत्पादन क्रमशः ५.५ प्रतिशत र १.८ प्रतिशतले वृद्धि भएको थियो भने मकैको उत्पादन १.९ प्रतिशत तथा गहुँको उत्पादनमा १.४ प्रतिशतले ह्रास आएको थियो । समीक्षा वर्षमा आलुको उत्पादन ३.० प्रतिशतले, उखुको उत्पादन ३.८ प्रतिशते तथा भटमासको उत्पादनमा ७.८ प्रतिशतले वृद्धि भएको छ भने दलहनको उत्पादनमा ४.३ प्रतिशतले तथा तेलहनको उत्पादनमा ५.४ प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा प्रतिकूल मौसमका कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा ह्रास आएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा वर्षमा पोखरा क्षेत्र बाहेक अध्ययनले समेटेका सम्पूर्ण क्षेत्रहरुमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ७.८ प्रतिशतले ह्रास आएको छ भने जनकपुर क्षेत्रमा सबैभन्दा कम अर्थात् ०.७ प्रतिशतले ह्रास आएको छ । खासगरी, प्रमुख खाद्य बालीको रुपमा रहेको धानको उत्पादनमा आएको उल्लेख्य गिरावटका कारण समीक्षा वर्षमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको हो ।




**(ख)** **तरकारी तथा बागवानी** : समीक्षा वर्षमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ३.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा उक्त समूहको उत्पादन ४.० प्रतिशतले वृद्धि भएको थियो । तरकारी तथा बागवानीको बढ्दो मागसँगै आकर्षक मूल्यका कारण कृषकहरु यस खेतीतर्फ आकर्षित हुनुका साथै उन्नत बीउ तथा किटनाषक औषधी एवम् आधुनिक प्रविधिको प्रयोगमा वृद्धि भएको लगायतका कारणले यस समूहको उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन विराटनगर, जनकपुर, पोखरा, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने काठमाण्डौ, वीरगञ्ज तथा नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

**(ग)** **फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो उत्पादनमा १.० प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन १४.२ प्रतिशतले, स्याउको १३.५ प्रतिशतले, मसलाको ३.२ प्रतिशतले, चियाको उत्पादन १.१ प्रतिशतले, कफीको १४.८ प्रतिशतले तथा अन्य फलफूलको उत्पादन ५.३ प्रतिशतले वृद्धि भएको छ भने सुन्तला तथा केराको उत्पादनमा क्रमशः ४.५ प्रतिशत र ७.७ प्रतिशतले ह्रास आएको छ । गत वर्ष केरा, मसला, चिया, कफी तथा अन्य फलफूलको उत्पादनमा वृद्धि भएको थियो भने सुन्तला, आँप तथा स्याउको उत्पादनमा ह्रास आएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने र समीक्षा वर्षमा बढी फल लाग्ने समय परेकाले उत्पादन उल्लेख्य वृद्धि भएको हो । सुन्तलाको उत्पादन भने खासगरी, सुन्तला उत्पादन हुने

प्रमुख क्षेत्र पोखरामा सुन्तलामा बोट सुक्ने र मर्ने (सिट्स ग्रिनिङ) रोगका कारण उत्पादनमा भारी गिरावट आएकोले समग्र उत्पादन घट्न गएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन काठमाण्डौ, विराटनगर तथा पोखरा क्षेत्रमा ह्रास आएको छ भने वीरगञ्ज, जनकपुर, सिद्धार्थनगर, नेपालगञ्ज तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा वर्षमा दूधको उत्पादनमा ३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष दूधको उत्पादनमा २.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मासु तथा अण्डाको उत्पादनमा क्रमशः ४.९ प्रतिशत तथा ३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मासुको उत्पादनमा ५.७ प्रतिशतले र अण्डाको उत्पादनमा ७.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादनतर्फ भैसी तथा राँगाको मासु उत्पादन ३.२ प्रतिशतले, खसी बोका तथा भेडाको मासु उत्पादन ६.४ प्रतिशतले, सुंगुर तथा बंगुरको मासु उत्पादन ५.७ प्रतिशतले तथा कुखुरा तथा हांसको मासु उत्पादन ७.० प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा माछाको उत्पादन ७.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसको उत्पादनमा ६.६ प्रतिशतले वृद्धि भएको थियो । तराईका विभिन्न जिल्लाहरुमा कृषकहरुलाई व्यवसायिकरुपमा माछापालन गर्न आर्थिक अनुदान तथा अन्य प्राविधिक सहयोग प्रदान गरिनु एवम् सर्वसाधारणमा माछा उपभोग गर्ने क्रम बढ्दै जानुका कारण यसतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको हो । त्यसैगरी, समीक्षा वर्षमा अध्ययनले समेटेका क्षेत्रमा काठ तथा दाउराको उत्पादनमा क्रमशः ७.४ प्रतिशत र १०.२ प्रतिशतले ह्रास आएको छ भने औषधीजन्य वस्तुको उत्पादनमा ४५.२ प्रतिशत तथा अन्य वनजन्य वस्तुको उत्पादनमा ४८.० प्रतिशतले वृद्धि भएको छ ।

क्षेत्रगतरुपमा तुलना गर्दा दूध तथा मासुको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादनमा वीरगञ्ज क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रहरुमा वृद्धि भएको छ । माछा उत्पादनतर्फ विराटनगर, जनकपुर, वीरगञ्ज, सिद्धार्थनगर तथा नेपालगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने काठमाण्डौ तथा धनगढी क्षेत्रमा ह्रास आएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादन काठमाण्डौ, विराटनगर, जनकपुर तथा पोखरामा वृद्धि भएको छ भने अन्य क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

**१.३ सिँचाइ सुविधा :** समीक्षा वर्षमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल १.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सिंचित क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४६.८ प्रतिशत क्षेत्रफल सिंचित रहेको पाईन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४३.१ प्रतिशत कुलो, ४५.१ प्रतिशत नहर, ८.५ प्रतिशत बोरिङ्ग तथा ३.३ प्रतिशत पोखरीबाट सिंचाई भएको देखिन्छ ।



अध्ययन क्षेत्र अनुसार समीक्षा वर्षमा सबै अध्ययन क्षेत्रहरुमा सिंचित क्षेत्रफल वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

१.४ **क्षेत्रगत कृषि कर्जा स्थिति :** आर्थिक वर्ष २०६९/७० मा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ३९.१ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब २० करोड पुगेको छ । गत वर्ष यस्तो कर्जामा ५०.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३२.३ प्रतिशत अर्थात् रु. ११ अर्ब ३७ करोड रहेको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.१ प्रतिशत अर्थात् रु. ३ करोड रहेको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको कम्तिमा १२ प्रतिशत कृषि तथा उर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने गरी निर्देशन जारी गरेको तथा कृषि औजार, मल, बीउ-विजन, पशुपंक्षी-दाना, सिंचाई तथा कृषि उत्पादन भण्डारण र तोकिएको कृषि उपज प्रशोधनलाई समेत कृषि क्षेत्रको परिभाषामा समेट्ने व्यवस्था गरेको हुँदा यस्तो कर्जामा उल्लेख्य वृद्धि भएको हो ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश ३८.८ प्रतिशत, वीरगञ्ज क्षेत्रको १७.७ प्रतिशत, विराटनगर क्षेत्रको १२.३ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १०.६ प्रतिशत, पोखरा क्षेत्रको ८.८ प्रतिशत, जनकपुर क्षेत्रको ४.५ प्रतिशत र नेपालगञ्ज क्षेत्रको ४.० प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.३ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) कुल खेती गरिएको क्षेत्रफलको आधाभन्दा कम भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध रहेको वर्तमान अवस्था एवम् निर्माणाधीन ठूला सिंचाई आयोजनाहरु सम्पन्न भै नसकेको परिप्रेक्ष्यमा कृषिजन्य वस्तुको उत्पादन मूलतः मौसमी अवस्थाले निर्धारण गर्ने गरेको छ । चालु आर्थिक वर्ष २०७०/७१ को वर्षायाममा मौसम अनुकूल रहेको तथा हिउँदमा पनि मौसम अनुकूल नै रहने अनुमानका आधारमा यस वर्ष मौसमको चक्रिय प्रभाव सकरात्मक हुन गई प्रमुख खाद्य तथा अन्न बालीको उत्पादन सन्तोषप्रद रहने अनुमान गरिएको छ ।

उपभोगमा भईरहेको निरन्तर वृद्धि एवम् बढ्दो बजार मागसँगै फलफुल तथा तरकारी खेतीमा हुने उच्च प्रतिफलका कारण कृषकहरु एकल, सामूहिक एवम् सहकारीको माध्यमबाट व्यावसायिक रुपमा यस खेतीतर्फ आकर्षित हुँदै गएकोले चालु आर्थिक वर्षमा यस समूहका बालीको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ख) व्यवसायिक पशुपालनतर्फ युवा जनशक्तिको बढ्दै गएको आकर्षण एवम् सरकारी तथा निजी क्षेत्रको निरन्तर प्रयासका कारण देशका विभिन्न स्थानमा नयाँ फर्महरु संचालनमा आउन थालेकाले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । तथापि, चालु आर्थिक वर्षको शुरुमा देशका विभिन्न स्थानहरुमा देखा परेको बर्डफ्ल्यूको प्रकोप हाल नियन्त्रणमा आईसकेतापनि यसबाट नराम्ररी शिथिल हुन पुगेको कुखुरापालन व्यवसायमा सुधार आउन लामो समय लाग्न सक्ने कारण यस वर्ष कुखुरा तथा अण्डाको उत्पादनमा भारी गिरावट आउने अनुमान गरिएको छ । त्यसैगरी, मत्स्यपालन प्रवर्द्धन गर्ने हेतुले तराईका विभिन्न जिल्लाहरुमा संचालनमा रहेको Mission Fish कार्यक्रम, बजार मागको विस्तार तथा मूल्य आकर्षणका कारण चालु आर्थिक वर्षमा माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५७.८ प्रतिशत रहेको छ । यस अवधिमा चाउचाउ उद्योगले सबैभन्दा बढी अर्थात् ८७.४ प्रतिशत उत्पादन क्षमता उपयोग गरेको पाईन्छ भने चामल उद्योगले सबैभन्दा कम अर्थात् २२.१ प्रतिशत क्षमता उपयोग गरेको छ । समीक्षा वर्षमा धानको उत्पादनमा आएको भारी गिरावटको प्रत्यक्ष प्रभाव चामल उद्योगमा पर्न गएकोले क्षमता उपयोग न्यून देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा वर्षमा अध्ययनले समेटेका उद्योगहरुमध्ये भटमासको तेल, चामल, गहुँको पिठो, पशुदाना, बिस्कुट, चिनी, चाउचाउ, प्रशोधित चिया, मदिरा, बियर, प्रशोधित छाला, रोजिन, औषधिजन्य वस्तु, प्लाष्टिकका सामान, ईट्टा, सिमेन्ट, फलामको छड तथा पत्ति, जि.आई. तार, घरेलु धातुका सामान, अल्मुनियम तथा जुत्ताको उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घ्यू, तोरीको तेल, दुग्ध पदार्थ, हल्का पेय पदार्थ, धागो, सिन्थेटिक कपडा, जुटका सामान, काठजन्य उत्पादन, कागज, बिजुलीको तार र केबुल एवम् टायर तथा ट्यूवको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा वर्षमा भटमासको तेल उत्पादनमा वृद्धि भएतापनि वनस्पती घ्यू तथा तोरीको तेल उत्पादनमा आएको भारी गिरावटका कारण वनस्पती घ्यू तथा तेल समूहको समग्र उत्पादनमा ६.५ प्रतिशतले ह्रास आएको छ । तेल उद्योगहरुलाई दिईएको मूल्य अभिवृद्धि कर (VAT) फिर्ताको सुविधा तथा बजार माग वृद्धिका कारण समीक्षा वर्षमा भटमासको तेलको उत्पादनमा वृद्धि भएको हो भने भारत तर्फको निकासी बन्द भई बजार मागमा आएको ह्रासका कारण वनस्पति घ्यूको उत्पादनमा गिरावट आएको हो । समीक्षा वर्षमा अन्न तथा पशुदाना, पेय पदार्थ तथा अन्य खाद्य पदार्थ समूहको उत्पादन क्रमशः २७.३ प्रतिशत, ३.३ प्रतिशत तथा ८.१ प्रतिशतले वृद्धि भएको छ भने दुग्ध पदार्थको उत्पादनमा १.० प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, पस्मिनाको उत्पादन १०.३ प्रतिशतले, प्लाष्टिकजन्य वस्तु २१.१ प्रतिशतले, सिमेन्ट १२.० प्रतिशतले, फलामको छड तथा पत्ति १३.८ प्रतिशतले एवम् जुत्ताको उत्पादन ४२.३ प्रतिशतले वृद्धि भएको छ भने धागोको उत्पादनमा ९.३ प्रतिशतले, सिन्थेटिक कपडाको उत्पादनमा १.१ प्रतिशतले तथा गार्मेन्टको उत्पादनमा २५.१ प्रतिशतले ह्रास आएको छ ।


(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घ्यू तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, पेय पदार्थ, औषधि, सिमेन्ट आदि; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, चामल आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा वर्षमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २६.२ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब १५ अर्ब ८४ करोड पुगेको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा २४.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३५.० प्रतिशत रहेको छ।

(ख) समीक्षा वर्षमा खानी सम्बन्धी शीर्षकमा प्रवाहित कर्जा ३८.४ प्रतिशतले, उत्पादन सम्बन्धी उद्योगमा २८.१ प्रतिशतले, निर्माण क्षेत्रमा २०.९ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा ५५.७ प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा १७.१ प्रतिशतले र पर्यटन सेवा/उद्योगमा १६.५ प्रतिशतले वृद्धि भएको छ।




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५४.८ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून अर्थात् १.० प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा २६.९ प्रतिशत, पर्यटन उद्योगमा ७.१ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ६.३ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ४.० प्रतिशत कर्जा प्रवाह भएको छ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ६३.१ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.७ प्रतिशत, विराटनगर क्षेत्रको अंश १०.६ प्रतिशत, पोखरा क्षेत्रको अंश ६.५ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ४.७ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश १.९ प्रतिशत, धनगढी क्षेत्रको अंश १.४ प्रतिशत र जनकपुर क्षेत्रको अंश १.१ प्रतिशत रहेको छ । अधिकांश ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहनु र ठूलो कर्जा लगानी सम्बन्धी अधिकार प्रायः केन्द्रीय कार्यालयहरुमै रहनुले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) सर्वसाधारणको जीवनस्तरमा आएको सुधारसँगै जीवनशैली तथा उपभोग प्रवृत्तिमा आएको परिवर्तनका कारण चाउचाउ, बिस्कुट एवम् हल्का पेय पदार्थको मागमा विस्तार हुन गई उत्पादनमा सकरात्मक प्रभाव पर्न जाने देखिन्छ। बढ्दो बजार माग तथा तेल उद्योगहरुलाई प्रदान गरिएको मूल्य अभिवृद्धि कर (VAT) छुट सुविधाको कारण भटमासको तेलको उत्पादनमा वृद्धि हुने देखिन्छ भने वनस्पती घ्यूको भारत निकासी बन्द रहेको तथा स्वदेशी बजार पर्याप्त नरहेकोले उत्पादनमा ह्रास आउने संभावना देखिन्छ। चालु आर्थिक वर्ष

धानको उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा यस वर्ष चामलको उत्पादनमा समेत विस्तार हुने देखिन्छ । साथै, उखुको न्यूनतम बजार मूल्य निर्धारण भैसकेको, चिनीको बजार माग समेत उच्च रहेको तथा केही चिनी उद्योगहरु मर्मत संभार एवम् क्षमता विस्तारको क्रममा रहेका कारण चिनीको उत्पादन बढ्ने देखिन्छ । त्यसैगरी, पशुदाना उत्पादन गर्ने नयाँ उद्योगहरु संचलनमा आउनुका साथै पशुदानाको बजार माग समेत बढ्दै गएका कारण यसको उत्पादनमा समेत विस्तार हुने अनुमान गर्न सकिन्छ ।

(ख) स्वदेशमा हाल सिमेण्टको उत्पादन तुलनामा माग उच्च रहेको, विकास निर्माण कार्यले गति लिईरहेको, नेपाली सिमेन्ट भारत निकासी हुन थालेको, देशमा कच्चा पदार्थ प्रचुर मात्रामा रहेको, औद्योगिक श्रम सम्बन्धमा केही सुधार आएको साथै स्वदेशी तथा विदेशी लगानीमा नयाँ उद्योगहरु स्थापना हुने क्रम जारी रहेकाले आगामी वर्षहरुमा सिमेन्टको उत्पादनमा थप वृद्धि हुने देखिन्छ । यसैगरी, विकास निर्माणमा भईरहेको वृद्धिको कारण ईट्टा एवम् फलामको रड तथा पत्तिको उत्पादनमा समेत विस्तार हुन जाने देखिन्छ ।

(ग) औषधीजन्य वस्तु तथा जुत्ताको आन्तरिक उपभोग एवम् वाह्य मागको अवस्था तथा उत्पादित वस्तुहरुको गुणस्तर एवम् प्रतिस्पर्धात्मक क्षमतामा भईरहेको सुधारका कारण यी वस्तुहरुको उत्पादनमा समेत थप वृद्धि हुने सम्भावना देखिन्छ ।

परिच्छेद ३

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा वर्षमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या १५.४ प्रतिशतले वृद्धि भई १ हजार २ सय २४ पुगेको छ भने होटल शैया संख्या १८.५ प्रतिशतले वृद्धि भई २० हजार ४ सय ८ पुगेको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा क्रमशः ११.० प्रतिशत र ११.४ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) समीक्षा वर्षमा हवाईमार्गबाट नेपाल आउने पर्यटक संख्यामा १.४ प्रतिशतले ह्रास आई ५ लाख ८६ हजार ६ सय ६८ मा सिमीत हुन पुगेको छ । जसमा तेस्रो मुलुकबाट आउने पर्यटक संख्यामा ३.९ प्रतिशतले वृद्धि भएको छ भने भारतीय पर्यटक आगमन संख्यामा १५.१ प्रतिशतले ह्रास आएको छ । विगत वर्षहरुमा पर्यटन प्रवर्द्धन गर्ने हेतुले विभिन्न किसिमका प्रवर्द्धनात्मक कार्यक्रमहरु अघि बढाईएकोले पर्यटक आगमन संख्यामा वृद्धि भएकोमा हाल त्यस्ता कार्यक्रमहरुको अभाव, लम्बिदो राजनैतिक संक्रमणकाल लगायतका कारण समीक्षा वर्षमा पर्यटक आगमन संख्यामा ह्रास आएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा वर्षमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा २.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सो संख्यामा ०.६ प्रतिशतले वृद्धि भएको थियो । यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा २८.० प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ८१ करोड ७८ लाख कायम भएको छ । गत अवधिमा यस्तो राजस्व संकलनमा १६.८ प्रतिशतले वृद्धि भएको थियो । विगतमा वित्तीय क्षेत्रमा रहेको तरलता संकुचन र ब्याजदरमा भएको वृद्धि लगायतका कारण घर-जग्गा रजिष्ट्रेशन तथा राजस्व संकलनमा केही गिरावट आएतापनि हाल वित्तीय क्षेत्रको तरलता सहज भई ब्याजदरमा समेत सुधार आउने क्रम रहेको हुँदा घर-जग्गा कारोबारमा क्रमिक सुधार हुँदै गएको हो । यसैगरी, घर-जग्गा कारोबारमा आएको सुधारसँगै समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ६.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षमा यस्तो संख्यामा २.६ प्रतिशतले ह्रास आएको थियो ।

(ख) समीक्षा वर्षमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा ७.२ प्रतिशतले, वीरगञ्ज क्षेत्रमा २४.६ प्रतिशतले, पोखरा क्षेत्रमा ११.१ प्रतिशतले, सिद्धार्थनगर क्षेत्रमा ११.७ प्रतिशतले, नेपालगञ्ज क्षेत्रमा १.० प्रतिशतले तथा धनगढी क्षेत्रमा १४.० प्रतिशतले वृद्धि भएको छ भने विराटनगर क्षेत्रमा ४.३ प्रतिशतले तथा जनकपुर क्षेत्रमा १४.६ प्रतिशतले गिरावट आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन भने जनकपुर क्षेत्र बाहेक सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ३९.७ प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा सबैभन्दा कम अर्थात् १३.५ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ तथा सिद्धार्थनगर क्षेत्रमा यस्तो संख्यामा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।


## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १३६४, विकास बैंकका ७२२, वित्त कम्पनीका २३६ तथा लघुवित्त विकास बैंकका ५८७ गरी जम्मा २९०९ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ

क्षेत्रमा सबैभन्दा बढी अर्थात् ८८३ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १३५ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप १८.३ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब २३ अर्ब १० करोड पुगेको छ । गत वर्ष यस्तो निक्षेप २४.८ प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, सर्वसाधारणहरुमा वृद्धि हुँदै गएको वित्तीय साक्षरता तथा रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २२.५ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब १ अर्ब २८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा प्रवाह १३.३ प्रतिशतले वृद्धि भएको थियो । निक्षेप संकलनमा भएको वृद्धिसँगै बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीमा गरेको ब्याजदर कटौतीका साथै नेपाल राष्ट्र बैंकको प्राथमिकता प्राप्त एवम् उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह गर्नुपर्ने नीतिगत व्यवस्थाका कारण यस्तो कर्जा प्रवाहमा वृद्धि भएको हो । बैंक तथा वित्तीय संस्थाको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा बढी रहेको कारण गत अवधिमा ७१.२ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ७३.७ प्रतिशत पुगेको छ ।

(घ) यस अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.९ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ८.५ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५७.९ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १०.२ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.० प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा उल्लेख गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा वर्षमा अध्ययन क्षेत्र अन्तर्गत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १३.३ प्रतिशतले वृद्धि भएको छ, जसमध्ये मोटरसाईकलको संख्या १५.० प्रतिशतले तथा अन्य सवारी साधनको संख्या ८.२ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा वर्षमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २३.४ प्रतिशतले वृद्धि भई २ करोड १३ लाख ३२ हजार २ सय ७६ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा ३७.१ प्रतिशतले वृद्धि भई ६९ लाख १६ हजार १ सय ३८ पुगेको छ । त्यसैगरी, २०६८ को राष्ट्रिय जनगणनालाई आधार मान्दा समीक्षा वर्षमा ८०.५ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने ईन्टरनेटको पहुँच २६.१ प्रतिशत जनसंख्यामा रहेको छ ।

यस सम्बन्धी विवरण तालिका २२ मा उल्लेख गरिएको छ ।

## ३.५ शिक्षा तथा स्वास्थ्य

(क) अध्ययन क्षेत्रका जिल्ला शिक्षा कार्यालयहरुबाट प्राप्त शैक्षिक सत्र २०६९ को तथ्याङ्क अनुसार सरकारी/सामुदायिक र संस्थागत (निजी) गरी कुल विद्यालय संख्या (उच्च मा. वि सहित) २७ हजार ५ सय ७० रहेका छन् जसमा कुल ५९ लाख ६९ हजार ३ सय ९२ विद्यार्थी छन् । यी विद्यालयहरुलाई सामुदायिक तथा संस्थागतरुपमा वर्गीकरण गर्दा विद्यार्थी संख्यामा सामुदायिकले ८१.९ प्रतिशत तथा संस्थागतले १८.१ प्रतिशत हिस्सा ओगटेका छन् । त्यसैगरी, अध्ययन क्षेत्रमा रहेका २ सय ८० प्राविधिक शिक्षालयबाट कुल २२ हजार १ सय ४७ जनाले प्राविधिक शिक्षा प्राप्त गर्न सक्ने देखिन्छ ।

यस सम्बन्धी विस्तृत तथ्याङ्क तालिका १९ मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा वर्षमा अध्ययन क्षेत्रमा सरकारी तथा निजी गरी कुल ४ सय २४ अस्पताल रहेका छन् जसमा १ सय ७ वटा अस्पताल सरकारी क्षेत्रबाट एवम् ३ सय १७ वटा निजी क्षेत्रबाट संचालित छन् । यी अस्पतालहरु मध्ये काठमाण्डौ जिल्ला बाहेकका अस्पतालहरुमा कुल ३ हजार ६ सय ३५ चिकित्सकहरुले सेवा प्रदान गरिरहेका छन् भने कुल शैया संख्या १६ हजार ८५ रहेको छ [१] ।

यस सम्बन्धी विवरण तालिका २० मा उल्लेख गरिएको छ ।

## ३.६ सेवा क्षेत्रको परिदृश्य

(क) पर्यटकीय होटल तथा रेष्टुरन्टको संख्यामा वृद्धि एवम् सेवा तथा सुविधाको गुणस्तरमा क्रमिक सुधार भएतापनि विगतका वर्षहरु जस्तो पर्यटन विकास गर्ने हेतुले ल्याईएका विभिन्न प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु हालका वर्षहरुमा नरहेको तथा देशमा विद्यमान संक्रमणकालीन राजनैतिक अवस्थाले अझ निकास पाई नसकेको अवस्थामा आर्थिक वर्ष २०७०/७१ मा पर्यटन आगमन संख्यामा खासै सुधार हुने देखिँदैन ।

(ख) बैकिङ्ग क्षेत्रमा विगतको तुलनामा तरलता सहज हुँदै गएको र ब्याजदरमा समेत गिरावट आएका कारण विगत वर्षहरुमा शिथिल रहेको घर-जग्गा कारोबारमा क्रमिक सुधार हुने क्रम देखिएकोले चालु आर्थिक वर्षमा घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बढाउँदै लैजाने नेपाल राष्ट्र बैंकको नीति अनुरुप हालका वर्षहरुमा ती क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुँदै गएकोले सर्वसाधारणहरुको वित्तीय पहुँच अभिवृद्धि हुने देखिन्छ भने नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई कृषि तथा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्न गरेको नीतिगत व्यवस्थाका कारण यस क्षेत्रमा प्रवाहित कर्जामा वृद्धि हुने देखिन्छ । साथै, हाल बैकिङ्ग क्षेत्रमा पर्याप्त तरलता रहेका कारण यसको सकरात्मक प्रभाव यी क्षेत्रमा पर्न जाने देखिन्छ ।

(घ) चालु आर्थिक वर्षमा समयमै बजेट घोषणा भई निकासा समेत भएको आधारमा शिक्षा, स्वास्थ्य तथा पूर्वाधार क्षेत्रको विकासमा अपेक्षाकृत सुधार हुने देखिन्छ । साथै, सूचना तथा सञ्चारको क्षेत्रमा भईरहेको तीव्र प्रतिस्पर्धा तथा सर्वसाधारणको चेतनामा आएको विकासका कारण सेवाको गुणस्तर अभिवृद्धि हुनका साथै यस्तो सेवा ग्रामीण क्षेत्रमा पनि थप विस्तार हुँदै जाने देखिन्छ ।

[१] काठमाण्डौ जिल्लाको चिकित्सक तथा शैया संख्या सम्बन्धी तथ्याङ्क उपलब्ध नभएको ।

परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- खेती गरिएको क्षेत्रफलको आधा भन्दा कम भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध रहेको हालको अवस्थामा निमार्णाधीन ठूला तथा बहुउद्देश्यीय परियोजनाहरु द्रुत गतीमा सम्पन्न गर्ने तथा नयाँ परियोजनाहरु संचालनमा ल्याई यथाशीघ्र सिंचाई सुविधा यथेष्ट रुपमा विस्तार गरी कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्ने चुनौती विद्यमान रहेको छ ।
- जलवायु परिवर्तन, वातावरणीय प्रभाव तथा भौगोलिक विविधतालाई समेत ध्यानमा राखी उन्नत जातका बीउ / विजन तथा रासायनिक मलको समयमै सहज आपूर्ति तथा वितरणलाई व्यवस्थित गर्ने एवम् प्राङ्गारिक मलको उत्पादन तथा उपयोगलाई विस्तार गर्ने समस्या विद्यमान छ ।
- बाली तथा पशुपंछी बीमा सम्बन्धी हाल विद्यमान नीतिगत व्यवस्थाको कार्यान्वयन पक्षलाई थप सरल एवम् प्रभावकारी बनाई यसलाई व्यापक रुपमा लागू गर्ने कार्य चुनौतिपूर्ण छ ।
- कृषि उपजहरुको बजारीकरण तथा न्यूनतम बजार मूल्य निर्धारण, भण्डारण एवम् शीतगृह जस्ता अत्यावश्यक भैतिक पूर्वाधारको पर्याप्त विकासमा जोड दिनुपर्ने देखिन्छ । यस्ता अत्यावश्यक पूर्वाधारको अभावमा कृषकहरुले आफ्नो उपजको बिक्री वितरणको लागि बिचौलियाहरुको भर पर्नुपर्ने कारण उचित मूल्य पाउन सकिरहेका छैनन् भने आम उपभोक्ताहरुले बजारमा चर्को मूल्य तिर्नुपर्ने समस्या विद्यमान रहेको छ ।
- परम्परागत खेती प्रणालीलाई सुधार गरी व्यावसायीकरण गर्दै युवा जनशक्तीलाई यस क्षेत्रमा आकर्षित गर्ने तथा विद्यमान श्रमशक्ति स्थानान्तरण एवम् वैदेशिक रोजगारमा जाने बढ्दो प्रवृत्तिबाट कृषि क्षेत्रमा देखा परेको श्रमशक्तिको अभाव तथा ज्यालादर वृद्धि एवम् खेतीयोग्य जमिन बाँझो रहने समस्या अन्त्य गर्नु आवश्यक छ ।
- राष्ट्रिय भू-उपयोग नीतिको माध्यमबाट जमिनको उपयोगलाई व्यवस्थित गरी जथाभावी रुपले हुने गरेको शहरीकरण तथा जमिनको खण्डिकरणलाई अन्त्य गर्दै खेतीयोग्य उर्वर भूमिलाई कृषि उत्पादनमा मात्र प्रयोग गर्न पाउने व्यवस्था लागू गर्नुपर्ने देखिन्छ ।

## ४.२ उद्योग क्षेत्र

- मुलुकको लम्बिदो संक्रमणकालीन अवस्थाका कारण उत्पन्न कमजोर शान्ति-सुरक्षा एवम् समय-समयमा हुने बन्द-हड्तालको अन्त्य गरी औद्योगिक क्षेत्रमा शान्ति-सुरक्षा सुदृढ गर्ने तथा श्रम सम्बन्धलाई थप सुमधुर बनाउनु पर्ने देखिन्छ । साथै, नीतिगत व्यवस्थामा रहेका कमजोरीहरुलाई सुधार गरी उद्योग क्षेत्रको विकासमा दीर्घकालीन सोचका साथ अघि बढ्ने एवम् लगानीमैत्री वातावरण सृजना गर्दै स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने चुनौती रहेको छ ।
- उद्योग क्षेत्रमा विद्यमान उर्जा संकटको दीर्धकालीन समाधान खोज्न निमार्णाधीन जलविद्युत् परियोजनाहरु समयमै सम्पन्न गर्ने तथा अल्पकालमा आवश्यक ऊर्जाको व्यवस्थापन गरी उद्योगहरु पूर्ण क्षमतामा संचालन हुने वातावरणको सृजना गर्ने र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ ।
- एकातर्फ देशमा रोजगारीको अभावमा ठूलो संख्यामा युवा जनशक्ति विदेशिने गरेको छ भने अर्कोतर्फ उद्योग क्षेत्र दक्ष जनशक्तिको अभाव खेपिरहेको छ । यसर्थ, कामको खोजिमा विदेशिने युवा पिढीलाई यस क्षेत्रमा आकर्षित गरी हाल उद्योगहरुले भोग्नु परेको दक्ष कामदारको अभाव पूर्ति गर्नु आवश्यक छ ।

## ४.३ सेवा क्षेत्र

- नेपालको भौगोलिक, प्राकृतिक एवम् सांस्कृतिक विविधता विश्वकै नमूनाको रुपमा रहेतापनि आधारभूत पूर्वाधार विकास एवम् प्रचार-प्रसारको अपर्याप्तताको कारण पर्यटन क्षेत्रमा अपेक्षित उपलब्धिहरु हासिल गर्न सकिएको छैन । तसर्थ, पर्यटन विकासका आधारभूत तत्वहरु यातायात तथा संचार सुविधाको विकास, पर्यटकस्तरीय होटल तथा लजको स्थापना, संक्रमणकालीन राजनैतिक अवस्थाको अन्त्य तथा शान्ति-सुरक्षाको प्रत्याभूती एवम् पर्यटकीय स्थानहरुको प्रचार-प्रसार गरी उद्देश्य प्राप्ती गर्न सार्थक पहल गर्नुपर्ने देखिन्छ ।
- परम्परागत पर्यटन व्यवसायको अतिरिक्त पर्यटकहरुको आगमन एवम् बसाई अवधिलाई लम्ब्याउन ग्रामीण पर्यटनमा जोड दिदै नेपाललाई पर्वतीय पर्यटन, मनोरञ्जन पर्यटन, सांस्कृतिक पर्यटन र स्वास्थ्य पर्यटनको केन्द्रका रुपमा विकास गर्न सकिईरहेको छैन । तसर्थ, मुलुकका सीमित स्थानहरुमा मात्र केन्द्रीत पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई अन्य सम्भाव्य स्थानहरुसम्म पुऱ्याउने तथा नयाँ संम्भाव्य स्थानहरुको खोजि गरी पर्यटन व्यावसायलाई रोजगारी सृजना तथा वैदेशिक मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा विकास गर्न आवश्यक नीति तथा कार्यक्रमहरु अवलम्बन गर्ने चुनौती विद्यमान रहेको छ ।
- निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुका सेवाहरु विकेन्द्रित हुँदै गएतापनि अधिकांश कर्जा लगानीमा भने सोही अनुरुप हुन नसकिरहेकोले स्थानीय वित्तीय श्रोतको उपयोग स्थानीय स्तरमै हुन सकिरहेको छैन । साथै, कृषि तथा उद्योग क्षेत्रको अपेक्षित विकास नहुनु, लगानीका थप संभाव्य क्षेत्रहरुको पहिचान गर्न नसक्नु, बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति शहरी क्षेत्रमा केन्द्रीत हुनु लगायतका कारण वित्तीय श्रोतको परिचालन कुशल रुपमा हुन सकेको छैन ।
- शहरोन्मुख तथा ग्रामीण भेगमा बचत तथा ऋण सहकारी संस्थाहरुको संख्यात्मक उपस्थिति र कारोबारको आकार उल्लेख्य रुपमा वृद्धि भईरहेतापनि तिनीहरुको नियमन र सुपरीवेक्षण कार्य प्रभावकारी रुपमा हुन सकिरहेको छैन । तसर्थ, हालको नियामक निकायका अतिरित्त छुट्टै निकाय वा विभाग स्थापना गरी यस्ता संस्थाहरुको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने प्रभावकारी संयन्त्रको विकास गर्ने चुनौती विद्यमान रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- शहरीकरणको नाममा हुने गरेको अव्यवस्थित वसोवास तथा जमीनको खण्डीकरणका कारण उत्पन्न नकारात्मक वातावरणीय प्रभाव तथा उर्वर जमिनको अकुशल उपयोग एवम् उक्त क्षेत्रहरुमा भौतिक पूर्वाधारको बढ्दो मागका कारण एकातर्फ सरकारले ठूलो व्ययभार वेहोर्नु परेको छ भने अर्कोतर्फ कृषि उत्पादनमा नकरात्मक प्रभाव परिरहेको छ । तसर्थ, उक्त तथ्यलाई ध्यानमा राखी दीर्घकालीन शहरी विकास लक्ष्यका साथ व्यवस्थित शहरीकरणमा जोड दिनु आवश्यक छ ।
- सडक, ढल, खानेपानी जस्ता पूर्वाधार निर्माण, मर्मत-संभार तथा हेरचाह गर्ने नेपाल सरकारका सम्वन्धित निकायहरुबीच समन्वय स्थापना गरी छिटोछरितो एवम् गुणस्तरीय काममा जोड दिनु आवश्यक देखिन्छ । साथै, सम्बन्धित निकायहरुलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी बनाउदै श्रोत-साधनको अधिकतम उपयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।
- नेपालमा जलविद्युत् उत्पादनको प्रचुर सम्भावनाको बावजुद पूँजी, प्रविधि तथा नीतिगत समस्या लगायत अन्य संरचनागत अवरोधका कारण ठूला स्तरका जलविद्युत परियोजनाहरु अझैसम्म सञ्चालनमा आउन सकेका छैनन् । तसर्थ, स्वदेशी लगानीले संचालनमा ल्याउन नसकिने परियोजनाहरुमा विदेशी लगानी आकर्षित गर्न उच्चस्तरीय राजनैतिक संयन्त्रमार्फत् सबै पक्षको सहमतिमा दीर्घकालीन विद्युत विकास रणनीति निर्माण गरी लगानीकर्ताहरुलाई सुनिश्चितता प्रदान गर्नु उपयुक्त हुने देखिन्छ ।

## ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार

- कर छली तथा न्यून विजकीकरणको समस्यालाई सम्बोधन गर्न आयात हुने वस्तुहरुको सन्दर्भ मूल्य सूची (Reference Price List) लाई साप्ताहिक वा पाक्षिक रुपमा अद्यावधिक गर्ने, विभिन्न मालवस्तुहरुको अधिकतम खुद्रा मूल्य घोषणा गर्ने तथा न्यून विजकीकरण गरी पैठारी गरिएका माल वस्तुलाई भन्सार कार्यालयले खरिद गरी लिलाम गर्ने कार्यमा अझ सहजता ल्याउनु पर्ने देखिन्छ ।
- भन्सार कार्यालयहरुमा राजस्व चुहावट नियन्त्रण गर्न मुख्य भन्सार नाकाहरु र आन्तरिक राजस्व कार्यालयहरुलाई एउटा निश्चित सूचना प्रणालीमा आवद्ध गरी राजस्व संकलन कार्यमा आधुनिक प्रविधिको प्रयोग गर्न आवश्यक देखिन्छ ।
- कच्चा पदार्थको अभाव, उर्जा समस्या लगायतका संरचनागत अवरोधका कारण प्रायः सबैजसो उद्योगहरु न्यून क्षमतामा संचालित छन् । जसका कारण उत्पादन लागत उच्च हुन गई स्वदेशी वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता कमजोर भएकोले उक्त समस्याहरुलाई न्यूनिकरण गरी निर्यात व्यापारमा देशगत तथा वस्तुगत विविधिकरण गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।
- विगत वर्षहरुमा बजेट विनियोजनमा हुने गरेको ढिलाई, स्थानीय निकायमा जनप्रतिनिधि नभएको अवस्था तथा संक्रमणकालीन राजनैतिक गतिरोधका कारण सरकारी स्तरबाट संचालनमा ल्याईएका विकास निर्माण कार्यक्रमहरु समयमै स्वीकृत तथा कार्यान्वयन हुन नसक्दा विकास निर्माणले गति लिन समयमै नसक्नुका साथै कामको गुणस्तर समेत अपेक्षाकृत हुन सकेन । तसर्थ, समयमै बजेट ल्याउने, रकम निकासा गर्ने, विकास-निर्माण कामको गुणस्तर सम्बन्धी मापदण्ड तयार पार्ने र सबै पक्षको सहमतीमा विकास निमार्ण कार्यलाई अघि बढाउने वातावरण निर्माण गर्नु आवश्यक छ ।

***